मिति २०७८/३/१० गतेको सचिव वैठकका निर्णयहरु-

१. प्रदेश सरकारका मन्त्रालयहरुमा वेरुजु फर्छ्यौटको अवस्था सन्तोषजनक नरहेको देखिँदा बेरुजु फर्छ्यौट सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्नका लागि सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालयको कुनै कर्मचारीलाई जिम्मेवारी तोकी सो सम्बन्धी कार्यलाई प्राथमिकताका साथ अघि बढाउने ।चालु आ.व. को असार मसान्तसम्म तोकिएको Threshold पुरा गर्ने ।

२. सबै मन्त्रालयहरुले मन्त्रालय र मातहतका निकायमा कार्यरत जिम्मेवार कर्मचारी/पदाधिकारीहरुको Official Email बनाई सोही अनुरुप प्रयोगमा ल्याउने व्यवस्था मिलाउने ।

३. सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम नियमित रुपमा स्वतः प्रकाशन गरिनुपर्ने विषयवस्तुहरु सम्बद्ध मन्त्रालय/निकायहरुले अनिवार्य रुपमा प्रकाशन गर्ने ।

४. सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को प्रावधान बमोजिम प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा गठित **प्रदेश अनुगमन ईकाइ**ले तत्काल कार्यारम्भ गर्ने र नियमित रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन दिने ।

५. Daily Diary तयार लागु गर्ने गराउने र सुदूरपश्चिम प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) को अन्तिम प्रतिवेदन उपर Feedback उपलब्ध गराउने विषयका सम्बन्धमा यसपूर्व मिति २०७८/३/६ को सचिव वैठकबाट भएको निर्णय शीघ्र कार्यान्वयन गर्ने ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

२०७८/३/१०

प्रमुख सचिव